नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

पछिल्लो समयमा केही व्यक्ति/अपराधिक समूहले सूचना तथा सञ्चार प्रविधिको दुरुपयोग गरी सामाजिक सञ्जाल Facebook, Instagram, Tiktok, Email, Whatsapp, Viber, IMO लगायतका विभिन्न Social Apps को प्रयोग एवम् Social Engineering को माध्यमबाट चिठ्ठा परेको, उपहार आएको, पार्सल आएको, सहुलियत, कम्पनीको वार्षिकोत्सव अफर, वैदेशिक रोजगार लगायत अन्य विभिन्न प्रलोभनमा पारी सो बापत बैंक तथा Online Payment Gateway मा पैसा जम्मा गर्न लगाउने, सर्वसाधारणहरुको गोप्य विवरणहरु मागी त्यसको दुरुपयोग गर्दै ठगी गर्ने वा फिसिङ लिङ्क क्लिक गर्न लगाई अकाउन्ट विवरण चोरी गर्ने; कुनै व्यक्तिले बैंक, वालेट सेवा वा कुनै वित्तीय सेवा प्रदायकको परिचय दिएर फोन गरी खातावाला व्यक्तिको विवरणहरु माग्ने र खातावाला व्यक्तिले त्यसमा शङ्का नगरी आफ्नो गोप्य विवरण दिने गरेको; Email, Facebook, Whatsapp, Viber जस्ता अकाउन्ट ह्याक गरी उक्त आइडीमा भएका साथीहरुसँग कुराकानी गरी अत्यावश्यक कामका लागि भन्दै रकम माग गर्ने; नेटवर्किङ्ग व्यवसाय, अनलाइन गेमिङ्ग, अनलाइन व्यवसाय, अनलाइन मालसामान बेच्ने भ्रममा पारी पैसा जम्मा गर्न लगाउने लगायतका अनलाइन ठगी गर्ने गैर कानूनी गतिविधिहरु बढिरहेको पाइएकोले यस्ता भ्रामक कुरामा विश्वास नगर्नुहुन साथै कुनै पनि माध्यमबाट आफ्नो व्यक्तिगत विवरण (विशेष गरी नागरिकता प्रमाणपत्र नम्बर, राष्ट्रिय परिचपत्र नम्बर, राहदानी नम्बर, सवारी चालक प्रमाणपत्र नम्बर, खाता नम्बर, ATM Card सम्बन्धी विवरण, गोप्य पासवर्ड, अनलाइन मार्फत कारोबार गर्दा बैंकले उपलब्ध गराउने 'वान टाइम पासवर्ड' (OTP नम्बर)) जस्ता संवेदनशील विषयको जानकारी कोही कसैलाई पनि नदिई अनलाइन ठगी हुनबाट सतर्कता अपनाउनुहुन तथा यस्ता गतिविधिहरुको कुनै सूचना प्राप्त भएमा तत्काल आफ्नो नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी इकाईमा जानकारी गराउनुहुन सर्वसाधारणहरुमा अनुरोध गरिन्छ । साथै, त्यस्ता गैरकानूनी कार्य गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

मितिः २०७८/११/१५

२०७८/११/१५
फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता